राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २८४ २०८३ जेठ ४ गते सोमवार (18 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## सर्वोच्च अदालत र न्याय परिषद् समावेशी हुनुपर्छ : सभामुख यादव

### मधेश आन्दोलनको मर्म अझै संविधानमा समेटिएन

दैनिक समाचारदाता

जनकपुरधाम, २ जेठ। मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले न्याय परिषद् र सर्वोच्च अदालत समावेशी तथा निष्पक्ष हुनुपर्नेमा जोड दिएका छन्।

"न्यायालय निष्पक्ष हुनुपर्छ। त्यसमा राजनीतिक प्रभाव वा गन्ध हुनुहुँदैन। कार्यपालिका र व्यवस्थापिका अनियन्त्रित अवस्थामा पुगेमा त्यसलाई नियन्त्रणमा ल्याउने जिम्मेवारी न्यायपालिकाकै हो। त्यसैले न्यायपालिका समावेशी र निष्पक्ष हुनु आवश्यक छ," सभामुख यादवले बताए।

आइतबार जनकपुरधाममा मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेशद्वारा आयोजित 'संविधान संशोधनबारे बारहरूसँग छलफल तथा अन्तरक्रिया' कार्यक्रममा बोल्दै उनले उक्त धारणा व्यक्त गरेका हुन्।

सभामुख यादवले २०७२ सालमा संविधान जारी हुनुअघि मधेशमा भएको अधिकारमुखी आन्दोलन समावेशिताकै मागसँग जोडिएको उल्लेख गर्दै हालको संविधान अझै पूर्ण रूपमा समावेशी बन्न नसकेको बताए। उनले संविधान संशोधनका लागि गठन गरिएको कार्यदल अन्तर्गत यस्ता कार्यक्रम आयोजना गरिएकोले जनताको भावना र चाहना अनुसार कार्य हुने विश्वास लिएका छन्।

उनले कानून तथा न्यायिक क्षेत्रसमेत समावेशी नभएसम्म जनताको अपेक्षाअनुसार मुलुकको विकास सम्भव नहुने धारणा राखे। साथै, प्रदेशको सीमांकन न्यायोचित नभएको उल्लेख गर्दै त्यसमा संशोधन आवश्यक रहेको बताए।

सभामुख यादवले राष्ट्रियस्तरको कामकाजको




भाषामा नेपालीसँगै मैथिली, भोजपुरी, बज्जिका लगायतका भाषालाई पनि समेटिनुपर्ने आवश्यकता औंल्याए। नागरिकता वितरण तथा व्यवस्थापन प्रणालीमा सुधार गर्नुपर्ने उल्लेख गर्दै उनले संविधानका धेरै प्रावधान संशोधनको आवश्यकता रहेको बताए।

नेपाल बार एशोसिएशन धनुषा का अध्यक्ष विमलकुमार मिश्रको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाका बार इकाइका अध्यक्ष तथा सचिवहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा संविधानविद् उपेन्द्र केसी न्यौपाने, मुख्य न्यायाधिवक्ता टेकनारायण कुँवर लगायतले पनि आ(आफ्ना धारणा राखेका थिए।

## धनुषामा आमा-छोरा मृत अवस्थामा, परिवारद्वारा हत्याको आरोप




दैनिक समाचारदाता

जनकपुरधाम, २ जेठ। धनुषाको धनुषाधाम नगरपालिकामा एक महिला र उनका १८ महिनाका छोरा मृत अवस्थामा फेला परेका छन्। घटनालाई लिएर मृतकका माइती पक्षले हत्या भएको आरोप लगाएका छन्।

गत वैशाख २४ गते धनुषाधाम नगरपालिका(७ किसानपुर निवासी २४ वर्षीया बबिता साह घरमा झुण्डिएको अवस्थामा फेला परेकी थिइन् भने उनका १८ महिनाका छोरा पनि मृत अवस्थामा भेटिएका थिए। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार प्रारम्भिक अनुसन्धानमा बबिता साहले आफ्ना छोराको हत्या गरी आफूले आत्महत्या गरेको देखिएको जनाएको छ।

तर, आइतबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा मृतक बबिताकी आमा बिणा देवी साहले छोरी र नातिको हत्या गरिएको दाबी गरेकी छन्। उनले छोरीलाई हत्या गरेर झुण्ड्याइएको तथा नातिको पनि हत्या गरिएको आरोप लगाइन्।

उनका अनुसार ज्वाइँ धर्मेन्द्र साह केही दिनअघि मात्रै वैदेशिक रोजगारीबाट घर आएर पुनः विदेश फर्किएका थिए। करिब २० दिनअघि उनी विदेश गएको बताइएको छ।

बिणा देवी साहले वैशाख २३ गते राति बबिताको आफ्ना ससुरा प्रमोद साह, जेठाजु विरेन्द्र साह, सासु र जेठानीसँग विवाद भएको बताइन्। "मेरो छोरी पढेलेखेकी थिइन्। उनी सधैं केही राम्रो गर्न खोज्थिन्। यही कुरा उनीहरूलाई मन पर्दैनथ्यो," उनले पत्रकार सम्मेलनमा भनिन्।

घरायसी हिसाब(किताबको विषयलाई लिएर विवाद भएको र सोही राति छोरी तथा नातिको हत्या गरिएको उनको आरोप छ। घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कारबाही गर्न उनले सञ्चारकर्मीमार्फत सम्बन्धित निकायसँग माग गरेकी छन्।

## सिराहामा १९ लाखभन्दा बढीका सामानसहित दुई पक्राउ

दैनिक समाचारदाता

सिराहा, ३ जेठ। सशस्त्र प्रहरीले सिराहाको नवराजपुर गाउँपालिका-५ देवनगरस्थित सीमा क्षेत्रबाट करिब १९ लाख ४७ हजार ३ सय रुपैयाँ बराबरका सामान तथा ट्रकसहित दुई जनालाई नियन्त्रणमा लिएको छ। नियन्त्रणमा पर्नेमा स्थानीय ५० वर्षीय राजेश यादव र ३९ वर्षीय आनन्द यादव रहेका छन्।

नं. ७ गण सिराहाबाट खटिएको सशस्त्र प्रहरीको गस्ती टोलीले विशेष सूचनाका आधारमा स १ ख ५३५ नम्बरको ट्रक जाँच गर्दा नेपालबाट अवैधरूपमा भारततर्फ लैजाँदै गरिएको कस्मेटिक सामग्री, टुथपेस्ट तथा २ सय ६० केजी ओखर बरामद गरेको हो।

बरामद सामानको मूल्य करिब १९ लाख ४७ हजार ३ सय रुपैयाँ रहेको प्रहरीले जनाएको छ। साथै, ट्रकको अनुमानित मूल्य २१ लाख रुपैयाँ रहेको छ। पक्राउ परेका दुवै जना ट्रकका चालक र सहचालक हुन्। नियन्त्रणमा लिइएका व्यक्तिलाई आवश्यक कारबाहीका लागि नेपाल प्रहरीलाई बुझाइएको तथा बरामद सामान भन्सार कार्यालय पठाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।


सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

- नेपालमा अवस्थित विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनप्रति सचेत भई स्वच्छ हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिकीय प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।


हिमाल हाम्रो पहिचान र गौरवको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# फुटपाथ व्यवस्थापनको सकारात्मक अभ्यास

जनकपुरधाम को गंगासागर पोखरी आसपासबाट हटाइएका फुटपाथ व्यवसायीहरूको व्यवस्थापनका लागि सञ्चालनमा ल्याइएको 'मिना बजार' केवल एउटा व्यापारिक केन्द्र मात्र होइन, सहरी व्यवस्थापन र मानवीय संवेदनशीलताको उदाहरण पनि हो । सडक तथा सार्वजनिक क्षेत्र अतिक्रमणमुक्त बनाउने अभियान आवश्यक भए पनि त्यसबाट प्रभावित हुने साना व्यवसायीको जीविकोपार्जनलाई बेवास्ता गर्न मिल्दैन । यही सन्दर्भमा निजी क्षेत्रको अगुवाइमा स्थापना गरिएको यो बजार सकारात्मक र व्यवहारिक कदमका रूपमा देखिएको छ ।

सहरलाई व्यवस्थित, सफा र सुन्दर बनाउने नाममा फुटपाथ व्यवसायी हटाउने कार्य धेरै ठाउँमा हुँदै आएको छ । तर, वैकल्पिक व्यवस्थाबिना गरिने यस्ता अभियानले गरिब तथा श्रमजीवी वर्गलाई थप संकटमा धकेल्ने गरेको यथार्थ लुकाउन सकिँदैन । जनकपुरधाममा भने हटाइएका व्यवसायीलाई पुनः व्यवस्थित व्यापार गर्ने अवसर प्रदान गर्न 'मिना बजार' सञ्चालनमा ल्याइनु स्वागतयोग्य पक्ष हो ।

जनकपुर कपडा तथा रेडिमेड व्यवसायी महासंघ को पहलमा सञ्चालन गरिएको उक्त बजारले एक सयभन्दा बढी फुटपाथ व्यवसायीलाई सुरक्षित र व्यवस्थित वातावरणमा व्यापार गर्ने अवसर दिने बताइएको छ । यसले केवल व्यवसायीको रोजीरोटी जोगाउने मात्र होइन, सहरी सौन्दर्य र यातायात व्यवस्थापनलाई समेत सहयोग पुर्‍याउने अपेक्षा गर्न सकिन्छ ।

कार्यक्रममा सहभागी प्रतिनिधिसभा सदस्य मनिष झा ले फुटपाथ व्यवसायी व्यवस्थापनलाई दीर्घकालीन रूपमा समाधान गर्न देशव्यापी तथ्यांक संकलन र नीतिगत योजना आवश्यक रहेको धारणा राख्नु महत्त्वपूर्ण छ । वास्तवमा नेपालका अधिकांश सहरमा हजारौं परिवार फुटपाथ व्यापारमै निर्भर छन् । उनीहरूलाई हटाउने मात्र होइन, सम्मानजनक विकल्प दिनु राज्यको दायित्व पनि हो ।

यस घटनाले अर्को महत्त्वपूर्ण पक्ष पनि उजागर गरेको छ– सरकारी प्रक्रिया सुस्त हुँदा निजी क्षेत्रले तत्काल राहतको भूमिका निर्वाह गर्न सक्छ । जनकपुरधाम उपमहानगरपालिकाले प्रक्रिया अघि बढाइरहेको भए पनि तत्काल व्यवस्थापनको जिम्मा निजी क्षेत्रले लिनु सहकार्यको राम्रो नमुना हो । तर, दीर्घकालीन समाधानका लागि स्थानीय सरकार स्वयं सक्रिय र उत्तरदायी बन्न आवश्यक छ ।

फुटपाथ व्यवसायीलाई केवल 'अव्यवस्था' का रूपमा हेर्ने प्रवृत्ति बदलिनुपर्छ । उनीहरू पनि सहरको अर्थतन्त्रका सक्रिय हिस्सेदार हुन् । न्यून पूँजी, सीमित अवसर र जीविकोपार्जनको बाध्यताले फुटपाथ रोजेका मानिसलाई व्यवस्थित व्यापारिक वातावरण उपलब्ध गराउनु सामाजिक न्यायको विषय पनि हो ।

यसर्थ, 'मिना बजार' जस्ता प्रयासलाई अस्थायी व्यवस्थापनमा सीमित नराखी दीर्घकालीन सहरी नीति, व्यवसायिक पुनर्स्थापना र रोजगारी सुरक्षासँग जोड्न आवश्यक छ । यदि स्थानीय सरकार, निजी क्षेत्र र व्यवसायीबीच समन्वय कायम रह्यो भने जनकपुरधामको यो अभ्यास अन्य सहरका लागि पनि उदाहरण बन्न सक्छ ।

# मदन भण्डारीको अन्तिम सम्बोधन



मदन भण्डारी

नयाँ जीवन र समृद्धिको प्रतिनिधित्वपछि लामो समयदेखि अथक सङ्घर्ष गर्दै आउनु भएका कास्कीका आदरणीय दाजुभाइ, दिदीबहिनीहरू, म नेकपा (एमाले) को केन्द्रीय कमिटीको तर्फबाट र व्यक्तिगत रूपमा समेत यहाँहरूप्रति हार्दिक क्रान्तिकारी अभिवादन व्यक्त गर्दछु ।

यस समारोहका सभापति कमरेड, उपस्थित अतिथि कमरेडहरू, विभिन्न राजनैतिक पार्टीबाट यो तेस्रो जिल्ला अधिवेशनको उद्घाटन समारोहमा भाग लिन पाल्नुभएका प्रतिनिधि मित्रहरू, पत्रकार साथीहरू, यस जिल्ला अधिवेशनका प्रतिनिधि कमरेडहरू र यहाँ उपस्थित आदरणीय दाजुभाइ दिदीबहिनीहरू ।

पोखरा नगरीमा नेकपा (एमाले)को तेस्रो जिल्ला अधिवेशन हुँदै छ । यो अधिवेशनमा यत्रो ठुलो सङ्ख्यामा उपस्थित हुनुभएका यहाँहरूलाई साक्षी राखेर हामी हाम्रो पार्टीका नीति, विचारहरू, देशको विद्यमान परिस्थिति सम्बन्धमा हाम्रा सोच र तर्कहरू राखिरहेका छौं । यो अधिवेशनले जिल्लाको भूराजनैतिक परिस्थिति, यहाँको वास्तविक समस्या, शोषण र जनताले भोग्नु परेका अप्ठेराका बारेमा चर्चा गर्ने मनसुवा राखेको र उपायहरूको खोजी गर्ने चाहना व्यक्त गरेकै हुनु पर्दछ ।

पञ्चायती व्यवस्थाको अन्त्य पश्चात् देशको राज्यसत्ता चलाउने बागडोर राजनैतिक पार्टीको हातमा आएकोछ । मुलुकको राजनैतिक पार्टीले कुन ढङ्गले मुलुकलाई नयाँ जीवन दिन सक्छ र शोषण उत्पीडनलाई कसरी कम पार्न सक्छ भन्ने कुराको पृष्ठभूमिमा राजनैतिक पार्टीका विचारहरू, सोचहरू आम जनता र राष्ट्रको हित अनुकूलका छन् कि छैनन्, ती कार्यक्रम र विचारहरू जनताको हित गर्ने खालका छन् कि छैनन् भन्ने कुरामा जनताको जागरुकता अब पहिलेभन्दा बढी हुनु पर्दछ ।

आदरणीय दाजुभाइ दिदीबहिनीहरू, राजनैतिक पार्टीको जीवनमा त्यसको जीवनशैली प्रजातान्त्रिक छ कि छैन भन्ने कुरा स्पष्ट पार्न संविधानमा राजनैतिक पार्टीहरूको अधिवेशन, सम्मेलन या सर्वोच्च निकायको आवधिक या पटक-पटक निर्वाचन हुनुपर्ने कुरा उल्लेख भएको छ । त्यसले गर्दा कतिपय पार्टीलाई कठिनाई परेको छ भने केही पार्टीको जीवनशैली नै प्रजातान्त्रिक भएको हुँदा त्यो प्रावधान त्यस्ता पार्टीको लागि अनुकूल भएको छ ।

म पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनले पारित गरेका केही कुरा यहाँहरू समक्ष राख्न चाहन्छु । महाधिवेशनपूर्व हामीले विभिन्न ठाउँबाट तपाईंहरूलाई साक्षी राखेर हाम्रो पार्टीमा आएका सोच र तर्कहरूका बारेमा छलफल गरेका थियौं । विरोधीहरू र आलोचकहरूका कुरा सुनेका थियौं । त्यसको तात्पर्य यही नै थियो कि हामी कुनै पनि कुरा गुपचुप राखेर कुनै निजी स्वार्थवश कुनै निर्णय लिने पक्षमा थिएनौं । हामी यो देशका जनताको समस्या सुनिश्चित र सुस्पष्ट रूपले निरुपण गर्न चाहन्थ्यौं । यो राष्ट्रको स्वाधीनता कायम गर्न चाहन्थ्यौं । यी सबै कुराको निम्ति नै हाम्रो पार्टीभित्र विभिन्न सोच र विचारहरू उत्पन्न भएका थिए ।

केही महिना पहिले पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनले जनताको, कार्यकर्ताको र पार्टी समर्थकहरू तथा विरोधीको समेत सुझाव अनुसार जनताको बहुदलीय जनवाद नामको कार्यक्रम पास गरेको थियो । मेरो भनाइको तात्पर्य यो हो कि हामी हरदम व्यापक जनताको बिचमा निर्भिकतापूर्वक आफ्नो कुरा राख्न सक्छौं । र, यसरी जनताबाट सुझाव लिन चाहन्छौं । जब कि नेपाली कांग्रेसले आफ्नो महाधिवेशन त गर्‍यो, तर कुनै कार्यक्रम पास गरेन र यो देशको समस्या, अप्ठेराहरू हल गर्ने कार्यक्रम के-कस्तो हुनुपर्छ भनी कुनै बुद्धिजीवीसँग छलफल पनि गरेन । संविधानमा स्पष्टसँग राजनैतिक पार्टीको जीवनशैली प्रजातान्त्रिक हुनुपर्छ भनिएको छ । तर कांग्रेसले संविधानको यो भनाइलाई आत्मसात् गरेन । तसर्थ म पुनः दोहोर्‍याउन चाहन्छु, हामी अरु कुनै पार्टीभन्दा बढी प्रजातान्त्रिक र संविधानप्रति प्रतिबद्ध छौं ।

मैले स्टार टी.भी.मा समाचार हेरेको थिएँ, त्यहाँ एल्तसिन माफिया हो, एल्तसिन राजीनामा देउ, एल्तसिनले राष्ट्रघात गर्‍यो भनेर लाखौं जनता सडकमा उत्रेको दृश्य देखाइएको थियो ।

यहाँहरूलाई थाहै छ, सोभियत संघ भनेको विश्वलाई थर्कमान पार्ने राष्ट्र थियो । हिजो विश्वभरका जनता र अन्य मुलुकहरू कुनै पनि कुरामा अमेरिकाको के हालत छ, रुसको के दृष्टिकोण छ भन्ने कुरा जान्न चाहन्थे, तर रुसको अहिले के हालत छ ? अहिले सोभियत युवतीहरू अमेरिकी युवाहरूलाई मन पराउँछन् भन्ने पश्चिमा समाचारपत्र र माध्यमहरू प्रचार गर्दैछन् । वास्तवमा यो लज्जाको विषय हो । पहिला रुसमा रुवलको मूल्य डलरभन्दा बढी थियो भने अहिले डलरको दाँजोमा रुवल २००० गुणा तल खसेको छ । पहिला २०० रुवल पेन्सन पाउनेले १ किलो गोलभेडाको सस किन्दा ३०० रुवल तिर्नुपर्छ । आज एल्तसिन महाराजले रुसी जनतालाई स्वर्गीय राज्यको अनुभूति दिलाउन ल्याएको शासनले के गरेको छ ? आज एल्तसिनले ल्याएको पुँजीवादी व्यवस्था उल्टिन्छ कि भनेर खरबौं डलर खर्च गरिएको छ । बाहिरबाट थुपारिएको डलरले जनताको आँसु पुछ्न खोजिएको छ, तर त्यस देशका नागरिकहरू चुप लागेर बसेको होइन, जागरुक बनेर उठेका छन् र एल्तसिन महाराजको पतन अवश्यंभावी छ ।

प्रिय कमरेडहरू, हामी पहाड फोरेर पारीपट्टी गई पानीमाथि एउटा ढुंगामा बस्दा त्यहाँ बस्नमा कसैलाई पनि पक्षपात गर्दैनौं वा हामीले देउराली पारी चौतारीमा बसेर सबैलाई बराबरी बाँड्छौं अर्थात् नयाँ जनवादी व्यवस्थामा पनि बहुदलीयता र जनताको राजनैतिक स्वतन्त्रता दिन्छौं भन्दैमा हामीले एउटा खुड्किलो पारै नगरीकन, लडाइँ नलडिकन खुट्टा लुलो पारेको भन्ने आरोप हामीलाई लगाइन थालेको छ । मलाई लाग्छ, यो बुझेर हैन, नबुझिकन फैलाइएको भ्रान्ति हो । हाम्रो पार्टीले बहुदलीय जनवादलाई छोडिएको भए, चुनाव बहिष्कार गरेको भए, संसदीय गतिविधिमा भाग लिन्नँ भनेर भनेको भए दन्दनाएर आन्दोलन हुन्थ्यो भन्ने कसै-कसैलाई मात्र लागेको हुनसक्छ ।

कमरेडहरू, आन्दोलन कसैको मुख हेरेर हुँदैन । उदाहरणको निम्ति क. मोहन विक्रम सिंहले नेतृत्त्व गर्नुभएको मसाल समूहले संसदीय व्यवस्था बहिष्कार गर्छु भनेको छ, तर वहाँहरूले भनेजस्तो क्रान्ति किन हुन सकेको छैन ? यत्रो वर्षसम्म क्रान्तिको कुरा गरेर पनि किन क्रान्ति सुरुवात हुँदैन ? कतै हामी मार्क्सवादको सिर्जनात्मक अध्ययन र प्रयोग नगरीकन मात्र कठमुल्लावादी भएकाले त यस्तो भएको होइन ? सोच्नु पर्ने आजको ज्वलन्त सवाल भनेको यही नै हो ।

नेकपा (एमाले)ले प्रतिपक्षमा रहेर केही काम गरेको छ । यद्यपि त्यो सन्तोष गर्ने खालको नहुन पनि सक्छ, तर यतिकै आधारमा गर्नुपर्ने जति काम पनि गरेनौं भनेर हामीले लम्पसार पर्नुपर्ने विगार पनि पार्टीले गरेको छैन । बरु प्रतिपक्षले के गर्न सक्छ र उसको के भूमिका हुन्छ भन्ने बारेमा जनताको बिचमा छलफल हुनु आवश्यक छ ।

गिरिजाले अहिले जे जसरी सरकार चलाउनु भएको छ, त्यो आन्तरिक र बाहिरी दुवै तरिकाले फेल भएको छ । उहाँले राष्ट्रिय हितमा आघात गर्ने र प्रजातन्त्रलाई समेत आघात पार्ने काम गर्नुभएको छ । टनकपुरको सवालमा मात्र हैन, सिङ्गो नेपालको जलस्रोतको सवालमा उहाँले गर्नुभएको ज्यादति यसको नमूना हो । हाम्रो राष्ट्रवादी अडानलाई लिएर गिरिजा र गिरिजा पन्थीहरू एमाले विकास विरोधी भन्ने प्रचार गरिरहेका छन् ।

टनकपुरका सवालमा गिरिजाले जबर्जस्ती गर्न खोज्दा गणेशमानजीले पत्र लेख्नुभयो, त्यसनिम्ति उहाँलाई धन्यवाद दिनैपर्छ । गिरिजाले गरेको राष्ट्र र प्रजातन्त्रमाथिका घातलाई क्षमा दिन सकिन्न । यो सरकारलाई फाल्नैपर्छ, गणेशमानजीले पनि सरकार फेर्नुपर्छ भन्नु भएकोमा धन्यवाद दिन चाहन्छु । गणेशमानजी र गिरिजाबिचको युद्धमा पनि गणेशमानतिर ढल्कनु भएका कृष्णप्रसाद भट्टराईलाई पनि धन्यवाद दिनैपर्छ । राष्ट्रहित गर्ने, जनताको हित गर्ने र मुलुकको निम्ति योगदान गर्नेहरूप्रति विनाकुनै पूर्वाग्रह हाम्रो सम्मान छ, आदरभाव छ । त्यस्ता व्यक्तित्वहरूलाई उपयोग गर्नैपर्छ ।

*(मदन भण्डारीले ०५० जेठ २ गते एमाले कास्की जिल्ला अधिवेशनलाई गरेको सम्बोधन । सौजन्य : मदन भण्डारी संकलित रचनाहरू भाग-१)*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# डब्ल्यूएचओद्वारा इबोलालाई 'विश्व स्वास्थ्य सङ्कट' घोषणा



विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले प्रजातान्त्रिक गणतन्त्र कङ्गोको पूर्वी इटुरी प्रान्तमा इबोला प्रकोप फैलिएपछि त्यसबाट संसारभरि चासो सिर्जना भएको भन्दै "विश्व स्वास्थ्य सङ्कट" घोषणा गरेको छ।

अहिलेसम्म २४६ जना सन्दिग्ध सङ्क्रमित देखिएका र ८० जनाको ज्यान गएको भन्दै डब्ल्यूएचओले प्रकोपले महामारी सङ्कटको मापदण्ड चाहिँ पूरा नगरेको जनाएको छ।

डब्ल्यूएचओका महानिर्देशक डा. टेड्रोस एड्हानम गेहब्रेयससले "सङ्क्रमित व्यक्तिहरूको वास्तविक सङ्ख्या र प्रकोप फैलिएको भूभागबारे व्यापक अनिश्चितता रहेको" बताएका छन्।

इबोलाको अहिलेको स्ट्रेन बुन्डीबुग्यो नामक भाइरसबाट निम्तिएको भन्दै डब्ल्यूएचओ त्यसको औषधि वा खोप नरहेको उल्लेख गरेको छ।

उसका अनुसार प्रयोगशालाबाट प्रमाणित भएका अहिले आठ जना सङ्क्रमित छन् भने इटुरी प्रान्तको राजधानी बुनिया, सुनखानी रहेका मोङ्ग्वालु र न्वाम्पारा नगरसहितका क्षेत्रमा अरू सन्दिग्ध बिरामी तथा मृत्युका घटना पाइएका छन्।



### *छिमेकी देशमा पनि पुष्टि*

उक्त भाइरस प्रजातान्त्रिक गणतन्त्र कङ्गोबाहिर फैलिइसकेको उल्लेख गर्दै डब्ल्यूएचओले छिमेकी देश युगान्डामा दुई जनामा सङ्क्रमण पुष्टि भएको जनाएको छ।

बिहीवार मृत्यु भएका एक ५९ वर्षीय पुरुषमा सङ्क्रमण पुष्टि गरिएको युगान्डाका अधिकारीहरूले बताएका छन्।

मानिसहरूको आउजाउ तथा व्यापार-व्यवसायका कारण प्रजातान्त्रिक गणतन्त्र कङ्गोका छिमेकी देशहरू थप सङ्क्रमण फैलिने उच्च जोखिमा रहेका ठानिएको छ।

सङ्क्रमणको निगरानी एवं पहिचान तथा सङ्क्रमण नियन्त्रणका मापदण्ड कार्यान्वयनको निम्ति आपत्कालीन केन्द्रहरू स्थापना गर्न डब्ल्यूएचओले प्रजातान्त्रिक गणतन्त्र कङ्गो र युगान्डालाई सुझाव दिएको छ।

सङ्क्रमण पुष्टि गरिएक सीमावर्ती क्षेत्रमा सरकारहरूले निगरानी तथा रिपोर्टिङ बढाउनुपर्नेमा डब्ल्यूएचओले जोड दिएको छ।

प्रभावित क्षेत्रबाहेकका देशहरूले सीमानाका बन्द गर्ने अथवा यात्रा र व्यापारमा प्रतिबन्ध लगाउन नहुने भन्दै डब्ल्यूएचओले "त्यस्ता मापदण्ड त्रासका कारण अपनाइने गरिन्छ र तिनको कुनै वैज्ञानिक आधार हुँदैन" भनेर उल्लेख गरेको छ।

### *इबोला के हो?*

इबोला जङ्गली जनावरमा रहेका भाइरसबाट मानिसमा सर्ने विश्व स्वास्थ्य सङ्गठन डब्ल्यूएचओको भनाइ छ। त्यसपछि यो मानिसबाट मानिसमा सर्ने गर्छ।

यसको प्रारम्भिक लक्षणमा ज्वरो आउने, कमजोर अनुभव हुने, मांसपेशी दुख्ने र घाँटी खराब हुन्छ।

यी सुरुआतका लक्षणहरू मात्र हुन्, त्यसपछि बान्ता हुने, झाडापखाला लाग्ने र कसैकसैलाई आन्तरिक र बाहिरी रक्तश्राव पनि हुन्छ।

यो भाइरस सङ्क्रमण भएपछि मानिसमा रोगको लक्षण देखा पर्न लाग्ने समय दुईदेखि २१ दिनसम्म हुन्छ।

### *इबोला कसरी सर्छ?*

इबोला सङ्क्रमण भएका वा इबोलाका कारण ज्यान गुमाएका व्यक्तिका रगत वा जीउबाट निस्कने तरल पदार्थ (रगत, दिसा वा बान्ता) सँग प्रत्यक्ष सम्पर्क हुँदा यो रोग सर्ने गर्छ।

इबोलाका बिरामीहरूको जीउबाट निस्कने तरल पदार्थको सम्पर्कमा पुगेका वस्तुहरूबाट पनि यो सर्छ।

इबोलाको सङ्क्रमण पुष्टि भएका वा आशङ्का गरिएका व्यक्तिको उपचारमा संलग्न भएका स्वास्थ्यकर्मीमा बारम्बार यो समस्या देखा पर्दै आएको छ।

प्रारम्भिक चरणको सङ्क्रमणका क्रममा परम्परागत सामुदायिक अन्तिम संस्कार महामारी फैलने अर्को माध्यम हो। किनभने समुदायका अधिकांश व्यक्तिले मृतकका शरीरलाई छुने, पखाल्ने र चुम्बन गर्ने गर्छन्। इबोलाबाट ज्यान गुमाएका व्यक्तिको शव अत्यन्तै सङ्क्रामक हुन्छ। बीबीसी/नेपालबाट

## हावामै औंला चलाएर लेख्ने प्रविधि

फोन वा कम्प्युटरमा केही काम गर्दा स्मार्टफोनको टचक्रिन वा कम्प्युटर किबोर्ड छुनुपर्ने आवश्यकता निकट भविष्यमै हट्ने देखिएको छ।



मेटाले आफ्नो एआई स्मार्ट चस्माका लागि यस्तो नयाँ फिचर सार्वजनिक गरेको छ। जसको मद्दतबाट प्रयोगकर्ताले हावामा औंला चलाएकै भरमा टाइप गर्न सक्नेछन्। यसका लागि कम्पनीले विशेष खालको न्युरल रिस्टब्यान्ड प्रविधि विकास गरेको छ। जसले हातको सानो गतिविधिलाई समेत बुझ्न सक्छ।

यो प्रविधिले मेटाको एआई स्मार्ट चस्मा रेबन मेटा स्मार्ट ग्लासेससँग काम गर्नेछ। प्रयोगकर्ताले डिस्प्ले, किबोर्ड वा भ्वाइस कमान्ड बिना नै सन्देश पठाउन सक्नेछन्। अनि यो फिचरले ह्वाट्सएप लगायतका विभिन्न मेसेजिङ एपहरूलाई सपोर्ट गर्नेछ।

कम्पनीका अनुसार नाडीमा बाँध्ने उक्त ब्यान्डले हातका नसाबाट निस्कने विद्युतीय संकेतहरू पढ्छ र त्यसकै आधारमा कमान्ड बुझ्ने काम गर्छ। अर्थात् प्रयोगकर्ताले केवल औंलाको हल्का चालबाट टेक्स्ट लेख्न वा एपहरू नियन्त्रण गर्न सक्नेछन्।

मेटाले करिब छ महिनाअघि उक्त स्मार्ट ग्लास सार्वजनिक गरेको थियो र अहिले यसमा एआई आधारित सञ्चार फिचरलाई झनै उन्नत बनाउने काम भइरहेको छ।

नयाँ अपडेटमा सबैभन्दा महत्वपूर्ण फिचर न्युरल ह्यान्डराइटिङ रहेको छ। यसको मद्दतले स्मार्टफोनलाई खल्तीबाट ननिकालेर टाइप गर्न सकिनेछ। यसका लागि कुनै पनि फिजिकल वा डिजिटल किबोर्ड प्रयोग गर्नुपर्ने छैन।


मेटा रेबन डिस्प्ले लगाएको व्यक्तिले हावामै औंला चलाएर टाइप गर्न सक्नेछन्। प्रयोगकर्ताले कुनै कापीमा अक्षर लेखेजस्तै गरी हावामा औंला घुमाउनुपर्नेछ। उदाहरणका लागि, अंग्रेजीको एम लेख्नका लागि हावामै एम को आकार बनाउँदै औंला चलाउनुपर्नेछ।

यद्यपि यसका लागि मेटाको रेबसन स्मार्ट चश्मासँगै प्रयोगकर्ताले न्युरल रिस्टब्यान्ड पनि लगाउनुपर्ने हुन्छ। यो ब्यान्डले मानिसको हातको जेस्चरलाई ट्र्याक गर्छ, बुझ्छ र त्यसलाई कमान्डमा रूपान्तरण गर्न सक्छ।

यो फिचरले ह्वाट्सएप, मेसेन्जर, इन्स्टाग्राम तथा एन्ड्रोइड र आईओएसका अन्य मेसेजिङ एपहरूलाई पनि सपोर्ट गर्नेछ।

## गुगल एकाउन्टमा ५ जीबी मात्र नि:शुल्क स्टोरेज

गुगलले आफ्ना नयाँ प्रयोगकर्ताहरूका लागि उपलब्ध गराउँदै आएको नि:शुल्क क्लाउड स्टोरेजको सीमामा भारी कटौती गर्ने तयारी गरेको छ। लामो समयदेखि १५ जिबी नि:शुल्क स्टोरेज दिँदै आएको गुगलले अब नयाँ प्रयोगकर्ताहरूलाई केवल ५ जिबी मात्र उपलब्ध गराउने गरी परीक्षण सुरु गरेको छ।



स्रोतहरूका अनुसार, गुगलले आफ्नो नीतिमा परिवर्तन गर्दै नयाँ प्रयोगकर्ताका लागि नि:शुल्क स्टोरेजको सीमा ५ जिबीमा सीमित गरेको छ। यो कदमसँगै गुगल अब एप्पल र माइक्रोसफ्ट जस्ता अन्य समकालीन कम्पनीहरूको हाराहारीमा पुगेको छ, जसले पहिलेदेखि नै ५ जिबी मात्र नि:शुल्क स्टोरेज दिँदै आएका छन्।

यद्यपि, प्रयोगकर्ताहरूले अझै पनि १५ जिबी स्टोरेज प्राप्त गर्न सक्छन्। यसका लागि प्रयोगकर्ताले आफ्नो गुगल एकाउन्टमा अनिवार्य रूपमा आफ्नो फोन नम्बर लिङ्क गर्नुपर्नेछ।

गुगलका अनुसार यो नीति प्रयोगकर्ताको सेक्युरिटी अपग्रेड गर्न र 'टु-स्टेप भेरिफिकेसन' जस्ता सुविधाहरूलाई प्रोत्साहन गर्न ल्याइएको हो। तर, विश्लेषकहरूले भने यसलाई कम्पनीले प्रयोगकर्ताको थप व्यक्तिगत डाटा संकलन गर्ने र चाँडै 'गुगल वन' को सशुल्क ग्राहक बन्न बाध्य पार्ने रणनीतिको रूपमा हेरेका छन्। १५ जिबी स्टोरेज पनि आजकलका हाई-रिजोलुसन फोटो र ठूला फाइलहरूका कारण चाँडै भरिने हुँदा ५ जिबी त झनै छोटो समयमा समाप्त हुने निश्चित छ।

गुगलले यो नयाँ नीति अहिलेका लागि केही निश्चित क्षेत्रहरूमा मात्र परीक्षणको रूपमा लागू गरिएको पुष्टि गरेको छ। यो नियम विश्वभर कहिलेदेखि पूर्ण रूपमा लागू हुनेछ वा हुनेछैन भन्नेबारे कम्पनीले आधिकारिक घोषणा गरिसकेको छैन। सन् २०२६ को फेब्रुअरी र मार्चको बीचमा यो नीतिगत परिवर्तन सुरु भएको पाइएको छ।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मलमास सुरु, के-के गर्न हुँदैन ?

आजबाट अधिकमास अर्थात मलमास सुरु भएको छ। यसलाई पुरुषोत्तम महिना पनि भन्ने गरिएको छ। यस पटकको मलमास असार १ गतेसम्म रहन्छ। सौर्यमास र चान्द्रमासको महिनालाई समायोजन गर्नका लागि झण्डै ३-३ वर्षमा एक अतिरिक्त महिना थपिने गर्छ। यसलाई नै मलमास वा अधिकमास भनिएको हो।




सूर्यमास भनेको सूर्यको गतिअनुसार कायम गरिएको महिना हो भने चन्द्रमास भनेको चन्द्रमाको गतिअनुसार मनाइने महिना हो। पञ्चांग गणनाको सूर्यमानअनुसार एक वर्षमा ३६५ दिन, १५ घडी, ३१ पला र ३० विपला हुन्छ। चन्द्रमानअनुसार वर्षमा ३५४ दिन, २२ घडी, १ पला र २३ विपला हुन्छ। सूर्यमान भन्दा चन्द्रमानको वर्षमा वर्षमा १० दिन ५३ घडी, ३० पला एवं ७ विपला समय बढी हुन्छ।

चन्द्रमानको वर्षका हुने यही बढी दिन जन एक महिना पुग्छ त्यसलाई समायोजना गर्नका लागि अधिकमास मनाउने गरिन्छ।. २ वर्ष, ८ महिना, १६ दिन र चार घडी पुगेपछि अधिकमास हुने गर्छ।

यो अधिक महिना जहिले पनि औंसीको भोलिपल्टबाट सुरु भएर अर्को औंसीसम्म रहन्छ। अधिक मास फागुनबाट कार्तिकको बीचमा पर्छ।


यो महिनामा निम्न कार्यहरू गर्न नहुने शास्त्रीय मान्यता छ

- विवाह, ब्रतबन्ध, गृहप्रवेश जस्ता शुभकार्य साथै कुनै पूजा, पुराण श्रवण जस्ता कार्य गरिँदै
- मन्दिर निर्माण गर्न तथा कुनै देवीदेवताको प्राणप्रतिष्ठा गर्न पनि शास्त्रीय निषेध छ।
- अधिकमास लाग्नुअघि नगएका तीर्थमा यस महिनामा पहिलो पटक जान र दर्शन नगरेका देवताको दर्शन गर्नु शुभ मानिँदैन।
- पुरुषोत्तम महात्य लगाउने भनेकै यही महिनामा हो र यसबाट मोक्षसम्म मिल्नसक्ने बताइएको छ।
- विवाह गरेको एक वर्ष पूरा नभएका पतिपत्नीबीच यौनसम्पर्क भए पतिको आयु क्षीण हुन्छ भनिन्छ।
- यो अवस्थामा समागम भएर गर्भ रहे सन्तान स्वस्थ जन्मदैनन् भन्ने कथन पनि छ।
- नयाँ जोडी मलमासभर एउटै घरमा बस्न नहुने र एउटै धाराको पानी पिउन नहुने शास्त्रीय मान्यता छ।
- कुनै नयाँ व्यवसाय तथा नयाँ काम गर्नु पनि शुभ मानिदैन।
- यो महिनामा भगवान विष्णुको पूजा आराधना गरिन्छ। पुरुषोत्तम महात्य लगाउने चलन छ।
- यो महिनाभर काठमाडौंको मच्छेनारायणमा विशेष मेला लाग्ने गर्छ।

# जसपा-लोसपा एकताप्रति त्रिपाठीको असन्तुष्टि

दैनिक समाचारदाता

काठमाडौं ३ जेठ। हृदयेश त्रिपाठी ले जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल बीच भएको पार्टी एकताप्रति गम्भीर असहमति जनाउनुभएको छ।



त्रिपाठी लोसपासँग एकता गरी जसपा नेपालको एकीकरण प्रक्रियामा सहभागी भए पनि पछिल्लो समय निर्वाचन आयोगले दिएको मान्यतामा उहाँको पार्टी समावेश छैन। लोसपा हुँदै जसपा नेपालसँग एकता गरे पनि जनता प्रगतिशील पार्टी औपचारिक रूपमा विघटन नगरेकाले उहाँलाई एकीकरण प्रक्रियामा समावेश नगराइएको नेताहरूको भनाइ छ।

यद्यपि, अध्यक्ष त्रिपाठीले जसपा नेपाल र लोसपाबीचको एकतालाई स्वागतयोग्य कदम भएको बताउनुभएको छ। उहाँले आफ्नो पार्टीको पहलमा सङ्घीय लोकतान्त्रिक मोर्चा गठन भएको र तमलोपासहितको प्रयासबाट लोसपासँग एकता प्रक्रिया अघि बढेको दाबी गर्नुभयो।

तर, एकता प्रक्रिया अघि बढाउँदा आफ्नो पार्टी र तमलोपालाई कुनै जानकारी नदिइएको उहाँको आरोप छ। निर्वाचनको मुखमा गरिएको अपारदर्शी प्रयासप्रति आफूहरूले अपमान सहेर पनि मौन बसेको तर घोषणापत्र सार्वजनिक भएपछि असहमति प्रकट गर्न बाध्य भएको उहाँले बताउनुभयो।

जसपा नेपालको घोषणापत्रमा उल्लेख गरिएको प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्थाप्रति त्रिपाठीले आपत्ति जनाउनुभएको छ। उहाँका अनुसार यस्तो व्यवस्था कम्युनिष्ट विचारधारासँग सम्बन्धित छ र यसले अल्पसङ्ख्यक समुदायलाई कमजोर बनाउन सक्छ।

उहाँले पूर्ण समानुपातिक निर्वाचन प्रणालीप्रति पनि असहमति जनाउँदै स्पष्ट वैचारिक आधारबिना गरिएको एकता आत्मघाती हुन सक्ने टिप्पणी गर्नुभयो।

यसअघि गत पुस २७ गते गठन भएको एकीकृत जसपा नेपालको ४३ सदस्यीय केन्द्रीय समन्वय समितिमा त्रिपाठी र उहाँनिकट नेताहरूको नाम समावेश थियो। उनीहरू समन्वय समितिको बैठकमा सहभागी हुनुका साथै सोही पार्टीबाट निर्वाचनमा समेत सहभागी भएका थिए।

तर, निर्वाचन आयोगले एउटै व्यक्ति दुई दलमा रहन नमिल्ने भन्दै जसपा नेपाललाई पत्र पठाएपछि विवाद सतहमा आएको हो। जसपा नेपालका एक नेताका अनुसार त्रिपाठी जसपा नेपालमा पनि रहने र आफ्नो पार्टी पनि कायम राख्ने अडानमा रहेकाले विवाद उत्पन्न भएको हो।


ती नेताले आयोगको पत्रपछि त्रिपाठीलाई पार्टी विघटन गर्न आग्रह गरिए पनि नमानेकाले जसपा नेपालमा नराखिएको बताए। "पार्टी एकीकरणका प्रारम्भिक सबै प्रक्रिया र दस्तावेजबारे उहाँ जानकार हुनुहुन्थ्यो। अहिले आएर जानकारी नभएको भन्नु उचित होइन," ती नेताले बताएका छन्।


# जानकी मन्दिरलाई विश्वसम्पदामा सूचीकृत गर्न प्रधानमन्त्रीसमक्ष माग

दैनिक समाचारदाता

जनकपुरधाम ३ जेठ। श्री राधाकृष्ण योग सेवा केन्द्रका केन्द्रीय अध्यक्ष तथा वैदिक पुरोहित विनय भाइले बालेन्द्र शाह समक्ष जानकी मन्दिर र पावन मिथिला भूमिलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने पहल गर्न माग गरेका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्बोधन गर्दै पठाइएको ज्ञापनपत्रमा मिथिला भूमि केवल ऐतिहासिक क्षेत्र नभई धर्म, संस्कृति र आध्यात्मिक चेतनाको केन्द्र भएको उल्लेख गरिएको छ। ज्ञापनपत्रमा जानकी मन्दिरले विश्वलाई करुणा, त्याग, मर्यादा र नारी सम्मानको सन्देश दिँदै आएको उल्लेख गर्दै यसको संरक्षण र प्रवर्द्धनलाई राष्ट्रिय दायित्वका रूपमा अघि बढाउनुपर्नेमा जोड दिइएको छ।





ज्ञापनपत्रमार्फत जानकी मन्दिरको वैदिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वलाई अन्तर्राष्ट्रिय स्तरमा प्रमाणित गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक अनुसन्धान, प्रमाण संकलन तथा कूटनीतिक पहल तत्काल सुरु गर्न आग्रह गरिएको छ। त्यसैगरी मन्दिर व्यवस्थापनलाई राजनीतिक प्रभावमुक्त बनाउनुपर्ने, धार्मिक तथा सांस्कृतिक गतिविधि निष्पक्ष र पारदर्शी ढंगले सञ्चालन गर्नुपर्ने माग पनि गरिएको छ।

ज्ञापनपत्रमा महिला वैदिक विद्वान तथा योग्य महिला पुरोहितको धार्मिक अनुष्ठानमा सहभागिता सुनिश्चित गर्नुपर्ने विषयसमेत उठाइएको छ।

विनय भाइले मिथिला र जानकी मन्दिरको ऐतिहासिक तथा आध्यात्मिक पहिचान उजागर गर्न वेद, उपनिषद् र रामायणका आधारमा उच्चस्तरीय वैदिक शास्त्रार्थ आयोजना गर्नुपर्ने सुझाव दिएका छन्। साथै, सबै वर्ग, समुदाय र परम्पराको प्रतिनिधित्व हुने गरी समावेशी 'वैदिक धर्म(संस्कृति संरक्षण परिषद्' गठन गर्नुपर्ने माग गरिएको छ।

ज्ञापनपत्रमा जनकपुरधामको मौलिक संस्कार, संस्कृति र वैदिक परम्परा संरक्षणका लागि यज्ञशाला, गौशाला, गुरुकुल तथा वेदाचार्य व्यवस्थापन आवश्यक रहेको उल्लेख गरिएको छ।

उक्त ज्ञापनपत्रको बोधार्थ संस्कृति, पर्यटन तथा नागरिक उययन मन्त्रालय, मधेश प्रदेश सरकार तथा प्रतिनिधिसभा सदस्य मनिष झा लाई समेत दिइएको जनाइएको छ।

सडक सुरक्षा

सडकमा हिडदा होसियार बनौ, नियम मानेर अनुशासित बनौ

हेलमेट, सिटबेल्ट, नबिर्सौ, जीवनलाई सुरक्षित बनाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

अब उत्कृष्ट भविष्यको रोजाई

MIT Campus, Janakpurdham



- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४